# गौरीशंकर गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/११/१७

प्रस्तावना : गौरीशंकर गाउँपालिकामा प्राविधिक जनशक्ति तथा विशेषज्ञ उत्पादन गर्न तथा आर्थिक रुपले विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न वाञ्छनीय भएकाले गौरीशंकर गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने ) ऐन, २०७५ को दफा ४(१) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"गौरीशंकर गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०७९ "** रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकामा तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "गाउँपालिका" भन्नाले गौरीशङ्कर गाउँपालिकालाई सम्झनुपर्दछ ।

ख) " अध्यक्ष " भन्नाले गौरीशंकर गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाल गौरीशंकर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

घ) "शिक्षा युवा तथा खेलकुद शाखा " गौरीशंकर गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद हेर्ने विषयगत विभाग तथा इकाइलाई सम्झनुपर्दछ ।

ङ) "एम.बि.बि.एस" भन्नाले चिकितसा विज्ञान विषयको स्नातक तहलाई सम्झनुपर्दछ ।

च) "बि.एस्सी. एजी भन्नाले" कृषि विज्ञान विषयको स्नातक तहलाई सम्झनुपर्दछ ।

छ) "बि.भि.एस्सी एण्ड ए.एच. " भन्नाले पशु चिकित्सा विज्ञान विषयको स्नातक तहलाई सम्झनुपर्दछ ।

ज) " बि.एस्सी फरेष्टी " भन्नाले वन विज्ञान विषयको स्नातक तहलाई सम्झनुपर्दछ ।

झ) " सि.टि.इ.भि.टि. " भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्लाई सम्झनुपर्दछ ।

ञ) " डिप्लोमा " प्राविधिक प्रमाणपत्र तहलाई सम्झनुपर्दछ ।

# परिच्छेद-२

## छात्रवृत्ति प्रदान गरिने विषयक्षेत्र

यस कार्यविधि बमोजिम प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र तह र स्नातक तहको अध्ययनको लागि दफा ३ र ४ मा उल्लेख भएबमोजिमका विषय र क्षेत्रको अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

**३. प्रविणता प्रमाणपत्र तहको लागि छात्रवृत्ति प्रदान गर्न सकिने विषय र क्षेत्रहरु :** यस दफा बमोजिमका क्षेत्र तथा विषयमा प्रविणता प्रमाणपत्र तह अध्ययन गर्न चाहने विद्यार्थीलाई छात्रवृत्ति रकम उपलब्ध गराउन सकिनेछ ।

क) डिप्लोमा इन सिभिल इन्जिनियरिङ

ख) डिप्लोमा इन इन्फरमेसन टेक्नोलोजी

ग) प्रमाणपत्र तह नर्सिङ

घ) डिप्लोमा इन फरेष्टी

ङ) डिप्लोमा इन एग्रिकल्चर ( बाली विज्ञान र पशु विज्ञान )

च) प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी

**४. स्नातक तहको लागि छात्रवृत्ति प्रदान गर्न सकिने विषय र क्षेत्रहरु :** यस दफा बमोजिमका क्षेत्र तथा विषयमा स्नातक तह अध्ययन गर्न चाहने विद्यार्थीलाई छात्रवृत्ति रकम उपलब्ध गराउन सकिनेछ ।

क) ब्याच्लर इन इन्जिनियरिङ ( सिभिल एण्ड आर्किटेक )

ख) एम.वि.वि.एस

ग) बि. एस्सी. एजी.

घ) बि.भि एस्सी एण्ड एच

ङ) बि. फार्मेसी

च) बि. फरेष्टी

# परिच्छेद - ३

# छात्रवृत्तिको लागि न्यूनतम् शैक्षिक योग्यता र आधारभूत मापदण्ड

**५. न्यूनतम् शैक्षिक योग्यता** : (१) छात्रवृत्ति प्राप्त गर्न आवश्यक शैक्षिक योग्यता शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षण संस्थाले तोके बमोजिम हुनेछ ।

२) दफा ३ र ४ मा जुनसुकै कुरा उल्लेख गरेको भएतापनि अन्य विषय वा विधा अध्ययन गर्ने अति विपन्न तथा जेहेन्दार विद्यार्थीलाई समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

६. **छात्रवृत्तिको लागि आधारूत मापदण्ड :**

देहायका मापदण्ड पुगेको अवस्थामा अनुसूची १ बमोजिमको निवेदन उपर कारबाही गरी छात्रवृत्ति प्रदान गर्न सकिनेछ । यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनि एउटा व्यक्ति वा विद्यार्थीले यो छात्रवृत्ति एक पटक मात्र पाउनेछ ।

क) गौरीशंकर गाउँपालिकाभित्र स्थायी बसोबास गरेको

ख) अति विपन्न/जेहेन्दार

ग) फौजदारी अभियोगमा कसुरदार नठहरिएको

घ) नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्यूनतम् मापदण्ड पुगेको

ङ) सामुदायिक विद्यालयबाट एस.इ.इ./एस.एल.सी. उत्तीर्ण गरेको

## परिच्छेद - ४
## छात्रवृत्ति छनोट तथा सिफारिस समिति

७. छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको छनोट तथा सिफारिस समिति रहनेछ । विनियोजित बजेटको आधारमा छात्रबृत्ति रकमको निर्धारण, आवश्यक मापदण्ड निर्धारण र विद्यार्थीको पहिचान गर्ने अधिकार यसै दफा बमोजिमको समितिमा रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) सामाजिक विकास समिति संयोजक | सदस्य |
| घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ) शिक्षा शाखा प्रमुख | सदस्य सचिब |

**८. छात्रवृत्ति छनोट तथा सिफारिस समितिको काम कर्तव्य अधिकार :**

क) छात्रवृत्ति शीर्षकमा बजेट विनियोजनको व्यवस्था गर्ने ।

ख) गाउँपालिकाभित्र अतिविपन्न, जेहेन्दार विद्यार्थीको पहिचान गर्ने/गराउने

ग) छात्रवृत्तिको लागि उम्मेद्वार छनोट गरी कार्यपालिकालाई सिफारिस गर्ने ।

## परिच्छेद - ५
## छात्रवृत्ति भुक्तानी तथा विविध

**९. छात्रवृत्ति रकम भुक्तानी :**

१) छात्रवृत्ति रकम भुक्तानीको लागि छनोट तथा सिफारिस समितिको सिफारिस र कार्यपालिकाको निर्णय समावेश गर्नुपर्नेछ । अनुसूची १ को ढाँचामा निवेदन प्राप्त भएपछि समितिले छनोट तथा सिफारिस गर्नेछ ।

२) छात्रवृत्ति प्राप्त गर्न विद्यार्थीले सम्बन्धित शिक्षण संस्थामा भर्ना भई शिक्षण संस्थाले अध्ययनरत रहेको व्यहोराको सिफारिस गर्नुपर्नेछ । उक्त सिफारिसमा सम्बन्धित विषय अध्ययन गर्न लाग्ने शुल्क सम्बन्धी निर्णय समावेश गर्नुपर्नेछ ।

## अनुसूची १
## छात्रवृत्ति आवेदन फारम

**दुबै कान देखिने हालसालै खिचेको फोटो**

मिति :

श्री गौरीशंक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा ।

विषय : छात्रवृत्ति पाऊँ ।

महोदय,
प्रस्तुत विषयमा यस गाउँपालिकाको वडा नं.........निवासी .....................को नाती/नातिनी.................................को छोरा/छोरी म.............................ले गाउँपालिकाबाट वितरण हुने छात्रवृत्ति .........................संकायको ..........................विश्वविद्यालय/परिषद्को .................................... विषयमा ......................... तह ..................................... विद्यालय/क्याम्पसमा अध्ययनको लागि छात्रबृत्ति पाऊँ भनी यो निवेदन पेश गरेको छु ।

निवेदक
नामथर :
हस्ताक्षर :
सम्पर्क नम्बर :